
# सतर्कताका लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा  मिति २०८३ असोज ५ गते, सोमबार दिउँसो जारी गरिएको विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक–दुई स्थानमा अति भारी वर्षा हुने सम्भावना रहेको छ।

**भारीदेखि धेरै भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव ले  जोखिम हुन सक्ने भएकाले प्रदेश भित्रका सम्बन्धित सबैले आवश्यक सतर्कता अपनाउन तथा पूर्वतयारीका लागि निम्न कार्यहरू गर्न/गराउन सम्बन्धित सबैमा अनुरोध छः**



- रातिको समयमा अत्यधिक वर्षा भइरहेको छ भने जोखिमयुक्त सडकमा सकेसम्म यात्रा नगर्ने । यात्रा गर्नैपर्ने अवस्थामा सडकको अवस्था र स्थानीय प्रशासन तथा यातायातसम्बन्धी सूचना बुझेर मात्र यात्रा गर्ने ।
- सम्बन्धित जिल्ला, स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवाला निकायहरूले आम सर्वसाधारणलाई सुसूचित गराई आवश्यक प्रतिकार्यका लागि तयारी अवस्थामा रहने ।
- सडकमा पहिरो, ढुंगा खस्ने, सडक भासिने वा पानीको बहाव बढेको अवस्था देखिएमा जोखिम मोलेर बाटो पार नगर्ने । सुरक्षित स्थानमा रोकिने र सम्बन्धित निकायलाई जानकारी गराउने ।
- सम्बन्धित निकायले जोखिमयुक्त राजमार्ग तथा सडकहरूमा डोजर, एक्साभेटर, लोडरलगायत आवश्यक उपकरण तथा साधनहरू तयारी अवस्थामा राख्ने ।
- जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय, आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा सुरक्षा निकायबाट जारी हुने निर्देशनको सबैले पालना गर्ने ।
- जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय तथा स्वयंसेवकहरूले पूर्वसूचनाका आधारमा जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति तथा घरपरिवारलाई विपद् हुनुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक पहल गर्ने ।
- आकस्मिक बाढी आउन सक्ने खोला, खहरे तथा नदी किनारका बस्ती, पहिरोको जोखिमयुक्त स्थान लगायतका क्षेत्रमा बसोबास गर्ने वासिन्दाहरूले विशेष रूपमा चनाखो भइ सुरक्षित स्थानमा सर्ने ।
- नदी तथा खोलाको किनारमा पानीको सतह तीव्र रूपमा बढ्दै गएको, पानी धमिलो भएको, ढुंगा वा रुख बगाउँदै आएको देखिएमा वा असामान्य आवाज आएको सुनिएमा तुरुन्तै अग्लो र सुरक्षित स्थानतर्फ जाने ।
- जोखिमा क्षेत्रमा रहेका गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सहयोग आवश्यक पर्ने व्यक्तिको पहिचान गरी विपद्को अवस्थामा उनीहरूको सुरक्षित स्थानान्तरण र सहयोगका लागि योजना बनाउने ।
- वर्षा तथा बाढीसम्बन्धी जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको नं ११५५ मा सम्पर्क गर्नुका साथै, विपद्को समयमा सहयोग आवश्यक परेमा १२३४, नेपाल प्रहरीको हटलाइन १०० तथा सशस्त्र प्रहरी बल, नेपालको हटलाइन ११९४ मा सम्पर्क गर्न सकिनेछ ।
- नेपाल मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनीसम्बन्धी जानकारी नियमित रूपमा लिइरहनुहुन अनुरोध छ ।

**सतर्क रहौं, पूर्वतयारी गरौं र सम्भावित विपद्को जोखिम न्यूनीकरणमा सहयोग गरौं ।**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**प्रदेश सचिव**